**निर्णयहरु :**

१. शैक्षिक आचार संहिता मस्यौदा तयारी समिति द्वारा प्रस्तुत शैक्षिक आचार संहिता अनुमोदन गर्ने निर्णय गरियो ।

२. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/७५ का लागिकृषि तथा पशु पकेट क्षेत्र विकास कार्यक्रमका लागि रु १०,००,०००।०० विनियोजन गरेकोमा मर्स्याङ्दी गाउँपालिका - ९, टार स्थित मर्स्याङ्दी फर्मको प्रस्ताव अनुसार उक्त फर्मको सिँचाईको लागि प्राविधिक स्टीमेट तथा मूल्यांकनका आधारमा रु.३,००,०००।- बजेट विनियोजन गर्ने निर्णय गरियो ।

३. मर्स्याङ्दी गाउँपालिकामा ट्राउट माछा पालनको विकासको लागि निम्न स्थानहरुलाई प्राथमिकतामा राखी सम्भाव्यता अध्ययनको लागि विभिन्न संघ संस्थाहरु सँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

१. मर्स्याङ्दी - २, धादुङ
२. मर्स्याङ्दी - ४, घट्टेखोला
३. मर्स्याङ्दी - ७, गाईखर्क
४.मर्स्याङ्दी - ६, ढाँडवेसी

४.मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/७५ का लागि होम स्टे प्रवर्द्धनका लागि रु १०,००,०००।०० विनियोजन गरेकोमा पहिलो चरणमा गाउँपालिकाको ४ स्थानमा तालिम सञ्चालन भएको र दोस्रो चरणमा होम स्टे गाउँहरुको प्रवर्द्धनको लागि होम स्टे सञ्चालनमा आएका विभिन्न गाउँहरुबाट सहभागीहरुलाई अध्ययन अवलोकन भ्रमण लैजाने निर्णय गरियो ।

५. खुदी खोलामा स्थित सिनो हाईड्रो द्वारा निर्मित मोटरेवल पुल गाउँपालिकालाई हस्तान्तरण गर्न सम्बन्धित संस्थालाई आवश्यक समन्वय सहित पत्रचार गरि सो पुल हस्तान्तरण गर्न संस्था तयार भए सो पुल गाउँपालिकाले बुझ्ने निर्णय गरियो ।

६. निम्नानुसारको विभिन्न कार्यक्रमको लागि**विभिन्न धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकमा विनियोजन भएको शिर्षकबाट** विनियोजन हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

- लेकाली यूवा क्लव, मर्स्याङ्दी - ४, उपल्लो ताघृङ द्वारा आयोजित फुटबल प्रतियोगितामा भएको खर्चका लागि रु.२५,०००।-
- महिला समिति, मर्स्याङ्दी - ४, नारी दिवस कार्यक्रम सञ्चालन गर्दा भएको खर्चका लागि रु.१०,०००।-
- घनपोखरा यूवा क्लव, मर्स्याङ्दी - १ नासर बजारलाई फुटवल प्रतियोगितामा भएको खर्चका लागि रु.५०,०००।-
- राष्ट्रपति रनिङ शिल्ड, लमजुङका लागि खेलकुद कार्यक्रम सञ्चालनमा भएको खर्चका लागि रु.५०,०००।-
- जागृति यूवा क्लव, मर्स्याङ्दी - ८ का लागि वडा स्तरीय खेलकुदमा विजयी खेलाडी सम्मानका लागिरु.२५,०००।-
- यूवा तथा खेलकुद विकास समिति, मर्स्याङ्दी - २ का लागि वडा स्तरीय खेलकुदमा विजयी खेलाडी सम्मानका लागि - रु.२५,०००।-

७. निम्नानुसारका कार्यविधिहरु सर्वसम्मतले पारीत गर्ने निर्णय गरियो ।

- मर्स्याङ्दी गाउँपालिका रेन्बो ट्राउट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ।
- ~~मर्स्याङ्दी गाउँपालिका जलवायु अनुकुलित गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५~~ ।

८.मर्स्याङ्दी गा.पा. महिला / दलित लक्षित सिपमुलक तालिमका लागि रु ५ लाख र बाल विवाह, लैंगिक हिंसा, जातिय भेदभाव तथा छुवाछुत विरुद्ध सचेतना कार्यक्रमका लागि रु ३ लाख विनियोजन गरिएकोमा उक्त दुईवटा कार्यक्रमहरु गाउँपालिका स्तरीय महिला सञ्जाल बाट गराउने निर्णय गरियो ।

९.प्रदेश तथा संघमा माग गर्नु पर्ने योजनाहरुलाई निम्नानुसारले प्राथमीकीकरण गर्ने निर्णय गरियो ।

- खुदी - शिउरुङ - कालाघिरिङ - स्याङ्गे मोटर बाटो
- खुदी घनपोखरा नायूँ मोटर बाटो
- ङादी बराहपोखरी मोटर बाटो
- बाहुनडाँडा घेर्मु मोटर बाटो
- खुदी - सिम्पानी - भलामचौर - घलेगाउँ मोटर बाटो
- बाहुनडाँडा तातोपानी कुण्ड व्यवस्थापन
- खुदी फुटबल खेल मैदान निर्माण

- रामबजार फुटवल खेल मैदान
- स्याङ्गे झोलुङ्गे पुल निर्माण वा मर्मत ।
- खुदी पुरानो बजार अवस्थित झोलुङ्गे पुल निर्माण वा मर्मत ।
- होम स्टे प्रवर्द्धन कार्यक्रम - शिउरुङ, घनपोखरा, भुस्मे, खानीगाउँ
- सिमलचौर फाँट सिँचाई
- घोप्टे एक घर एक धारा खानेपानी योजना
- भक्ति थापा पार्क, मर्स्याङ्दी - ३
- स्याङ्गे मोटरेवल पुल
- बाहुनडाँडा - फैजरा - सन्जापु - न्युरी मोटर बाटो
- डा.हर्क गुरुङ समादीस्थल पार्क, मर्स्याङ्दी - ७
- मर्स्याङ्दी - ९, एक घर एक धारा खानेपानी योजना

१०. निम्नानुसारका आयोजनाहरु संसोधनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

- मर्स्याङ्दी गा.पा.महिला/दलित लक्षित सिपमुलक तालिमको शिर्षक परिवर्तन गरि मर्स्याङ्दी गा.पा.महिला/दलित लक्षित सिपमुलक तथा क्षमता अभिबृद्धि तालिम बनाउने ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रमको रु. २००,०००।- र अपाङ्ग तथा बृद्धा आय आर्जन मुलक तालिम तथा सामाग्री वितरणको रु.५,००,०००।- गरि जम्मा रु.७,००,०००।- लाई जेष्ठ नागरिक सम्मान कार्यक्रममा रु.४,००,०००।- र अपाङ्ग लक्षित मौरी सहितको घार वितरणमा रु.३,००,०००।- विनियोजन गर्ने ।
- मर्स्याङ्दी गा.पा. महिला / दलित लक्षित सिपमुलक तालिमका लागि रु ५ लाख विनियोजन गरिएकोमा उक्त शिर्षकको नाम मर्स्याङ्दी गा.पा. महिला / दलित लक्षित सिपमुलक तथा क्षमता अभिबृद्धि तालिम राख्ने ।
- महिला,दलित, आदिवासी जनजातिका लागि लोकसेवा आयोग तयारी सहयोग कार्यक्रममा रु २ लाख वजेट विनियोजन भएकोमा सो कार्यक्रममा रु ५० हजार वजेट कायम गर्ने र बाँकी वजेट मध्ये रु २० हजार गाउँपालिकाको लागि साईकल खरिदका लागि विनियोजन गर्ने र रु १ लाख ३० हजार गाउँपालिका कार्यालय भवन जग्गा खरिदमा थप गरी उक्त शिर्षकमा कुल वजेट ४१ लाख ३० हजार कायम गर्ने ।
- गा.पा. कार्यालय शौचालय निर्माणमा गाउँसभाबाट रु ५ लाख विनियोजन भएकोमा तत्काललाई शौचालय आवश्यक नरहेको तर गाउँपालिकाको माथिल्लो तल्लाको नवर्निमित कोठाहरुमा सिलिङ् राख्नुपर्ने र वाइरिङ् गर्नुपर्ने भएकोले उक्त आयोजनामा विनियोजित रकमलाई गा.पा. कार्यालय सिलिङ् तथा वाईरिङ् मा विनियोजन गर्ने ।
- वडा नं. १ को घनपोखरा स्वास्थ्य चौकी खानेपानी योजनाको शिर्षक परिवर्तन गरि घनपोखरा स्वास्थ्य चौकी कम्प्युटर तथा प्रिन्टर खरिद गर्ने ।
- वडा नं. ३ को कृषक क्षमता विकास तालिम तथा स्वरोजगार कार्यक्रमको रु १,५०,०००।०० , सामुदायिक विकास कोष समपुरक कार्यक्रमको रु ५०,०००।०० र महिला स्वास्थ्य गाउँघर कार्यक्रमको रु ८०,०००।०० गरी जम्मा रु २,८०,०००।०० लाई खुदी स्वास्थ्य चौकी छाना मर्मतका लागि रु ३०,०००।०० , खुदी स्वास्थ्य चौकीमा ल्याव सामग्री खरिदका लागि रु २,००,०००।०० र भक्ती थापा पार्क , चौतारी आमा समूह टोपु , शङ्कदेवी आमा समूह घोसिङ् , त्रिदेवी आमा समूह जिम्दोलाई फर्निचर खरिदका लागि रु ५०,०००।०० विनियोजन गर्ने ।
- वडा नं. ४ को घोप्टे मोटरबाटो निर्माणलाई घोप्टे गोरेटोबाटो निर्माण बनाउने ।
- वडा नं. ५ को दलित लक्षित बाखापालन तथा अलैंचीखेतीमा रु २,००,०००।०० विनियोजन भएकोमा उक्त शिर्षकको नाम मात्र संसोधन गरी दलित लक्षित बाखापालन गर्ने ।
- वडा नं. ६ को जनजाति एक घर एक धारा दिङदिङ-बाहुनडाँडा आयोजनामा रु २ लाख र दलित एक घर एक धारा दिङदिङ-बाहुनडाँडा आयोजनामा रु २ लाख विनियोजन गरिएकोमा दुवै आयोजनालाई मिलाई बाहुनडाँडा खानेपानी बनाई रु ४ लाख वजेट कायम गर्ने ।
- वडा नं. ८ को धर्मभक्त आधारभूत विद्यालय प्रोजेक्टर एवं खानेपानी योजनाका लागि रु १ लाख विनियोजन भएकोमा उक्त योजनाको शिर्षकमात्र परिवर्तन गरि धर्मभक्त आधारभूत विद्यालय प्रोजेक्टर र ल्यापटप खरिद

- वडा नं. ८ को सिमलचौर भुस्मे मोटरबाटो पहिरो नियन्त्रणको लागि रु २ लाख विनियोजन भएकोमा उक्त योजनाको शिर्षकमात्र परिवर्तन गरि सिमलचौर भुस्मे मोटरबाटो स्तरोन्नती गर्ने ।
- मर्स्याङदी -९ को खेलमैदान निर्माण साविक ३,४,८,९ मा रु २ लाख वजेट विनियोजन गरिएकोमा उक्त वजेटबाट सिम्पानी खेलमैदान निर्माणका लागि रु १ लाख र ढाँड खेलमैदान निर्माणका लागि रु १ लाख वजेट कायम गर्ने ।
- वडा नं. ९ को सिद्धमाई आमा समुह भवन निर्माण र शौचालय निर्माणका लागि रु ४ लाख, एक घर एक धारा खानेपानी साविक ४, ५, ६ का लागि रु ४ लाखवजेट विनियोजन भएकोमा उक्त आयोजनाहरुमा विनियोजित वजेटलाई निम्नानुसारका आयोजनामा तल उल्लेख भए अनुसारको वजेट व्यवस्था गर्ने ।
  - टार गैरी गाउँ खानेपानी रु ३ लाख
  - सेग्ले खेलमैदान निर्माण रु ३ लाख
  - सत्संघ भवन निर्माणका लागि रु ७५ हजार थप गर्ने
  - अधेंरी कुलो निर्माण पामचोक रु १ लाख
  - वगुवा खानेपानी रु २५ हजार
- वडा नं. ९ को अपाङ्ग मुडा बुन्ने तालिममा रु १ लाख वजेट विनियोजन भएकोमा उक्त शिर्षकको नाम मात्र परिवर्तन गरि अपाङ्ग सामग्री सहयोग गर्ने ।
- वडा नं. ९ को मरनघाँट सम्म मोटरबाटो र ठाँटीका लागि रु २ लाख विनियोजन गरिएकोमा उक्त योजनाको शिर्षकमात्र परिवर्तन गरि मरनघाँट ठाँटी निर्माण गर्ने ।
- पहिलो गाउँसभाबाट पर्यटन विकास कार्यक्रम वडा नं. ४ को लागि रु.५,००,०००।- विनियोजन गरिएकोमा उक्त वजेटलाई लाई निम्नानुसारले विनियोजन तथा संसोधन गर्ने ।
  - पर्यटन विकास कार्यक्रम वडा नं. ४ को लागि रु.४,००,०००।-
  - जगत स्वास्थ्य केन्द्र फर्निचर तथा औषधी खरिद रु.१,००,०००।-
- पहिलो गाउँसभाबाट विद्यालय क्षेत्र पूर्वाधार विकासमा विनियोजित रु.२०,००,०००।- लाई निम्नानुसारले विनियोजन गर्नका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।
  - ✓ अमर मा.वि. भवन प्लास्टर तथा झयाल ढोका रु.३,००,०००।-
  - ✓ अमर मा.वि. स्वच्छ खानेपानी रु. १,५०,०००।-
  - ✓ चन्द्रोदय मा.वि.ECD कक्षा व्यवस्थापन तथा श्रव्यदृश्य सामग्री खरिद रु.२,००,०००।-
  - ✓ गंगा मिलन मा.वि.कक्षा कोठा निर्माण रु.२,००,०००।-
  - ✓ प्रेम मिलन मा.वि.कक्षा कोठा निर्माण रु.२,००,०००।-
  - ✓ प्रभात शान्ति पूर्ण मा.वि. इन्टरनेट जडान तथा श्रव्यदृष्य सामाग्री खरिद रु.१,००,०००।-
  - ✓ गणेश मा.वि. छात्रवासको लागि फर्निचर तथा किचन सामाग्री खरिद रु. २,००,०००।-
  - ✓ त्रिभुवन मा.वि. विद्युतिकरण रु.१५०,०००।-
  - ✓ महेन्द्र देव मा.वि. कम्प्युटर खरिद रु. १,५०,०००।-
  - ✓ कन्यादेवी प्रा.वि. घेराबार रु. १,७५,०००।-
  - ✓ जनप्रिय प्रा.वि. खानेपानी रु. ७५,०००।-
  - ✓ सूर्य ज्योति प्रा.वि. खानेपानी रु. ५०,०००।-
  - ✓ सिर्जना प्रा.वि. खानेपानी तथा शौचालय मर्मत रु.५०,०००।-

११. आ.व. २०७४/०७५ मा विभिन्न योजनाहरुको लागि विनियोजित रकमको व्यवस्थित कार्यान्वयनको लागि सम्पूर्ण योजनाहरु २०७५ वैशाख मसान्तसम्म सम्झौता गरिसक्नु पर्ने निर्णय गरियो ।

१२. मर्स्याङ्दी गाउँपालिकाको प्रथम गाउँसभाले आवधिक गुरुयोजना तर्जुमा निर्माणमा रु ८ लाख विनियोजन गरिएकोमा उक्त काम यस आर्थिक वर्षमा सम्पन्न गर्न समय अभाव भएकोले उक्त वजेटलाई निम्नानुसारका योजनामा विनियोजन गर्न गाउँसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| **डादी बजार खानेपानी योजना मर्मत (थप )** | ४०,०००.०० |
| मदन प्रा.वि. सामाग्री खरिद | २५,०००.०० |

| | |
|---|---|
| तातोपानी कुण्ड विद्युतिकरण | ३०,०००.०० |
| **काफल डाँडा विद्युतिकरण (थप)** | २५,०००.०० |
| पञ्च विचार प्रा.वि. शौचालय मर्मत | ८०,०००.०० |
| गाउँपालिका स्तरीय परीक्षा ( कक्षा ८ र कक्षा ५ को ) सञ्चालनमा भएको खर्च | १,८५,०००.०० |
| शिक्षक मोटीभेसन तालीम | ३,००,०००.०० |
| **महेन्द्रदेव TLC भवन ढलान र खानेपानी, शौचालय मर्मत (थप )** | ५०,०००.०० |
| डुलकुलो बिजुली तार खरिद | १५,०००.०० |
| घिम्राङ मुनी झोलेङ्गे पुल मर्मत | ५०,०००.०० |
| **जम्मा** | ८,००,०००.०० |

१३. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले निम्नानुसारका आयोजनाहरुमा निम्नानुसारको रकम विनियोजन गरेकोमा उक्त काम गर्न समय अभाव भएको र कार्यालयका लागि गाडी आवश्यक भएकोले उक्त रकम सवै रकमान्तर गरी गाडी खरिदमा रु ३५,५०,०००।०० कायम गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

| **क्र.सं** | **योजना** | **रकम** |
|---|---|---|
| १ | समपुरक कोष | १००००००.०० |
| २ | स्वास्थ्य शिविर सञ्चालन | ५०००००.०० |
| ३ | वातावरण मैत्री र पूर्ण सरसफाई वडा/टोल घोषणा कार्यक्रममा विनियोजीत ५ लाख मध्ये | ३५००००.०० |
| ४ | वातावरण मैत्री सचेतना कार्यक्रम तथा झोला वितरण कार्यक्रम | ५०००००.०० |
| ५ | वन पैदावर संरक्षण, प्रवर्द्धन, व्यवसायीकरण | ३०००००.०० |
| ६ | एकृकित सम्पत्तिकर व्यवस्थापन अभिमुखिकरण | ३०००००.०० |
| ७ | विभिन्न विनियावली निर्देशिका नियम तर्जुमा | ३०००००.०० |
| ८ | जटिबुटी प्रवर्द्धन कार्यक्रम | ३०००००.०० |
| | **जम्मा** | ३५,५०,०००.०० |